खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

**अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,**
**भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली, जापानिज र सजिलो जापानिज**

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी, खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

## विदेशीहरुको लागि रोजगार सम्बन्धित सेमिनार

नि:शुल्क

अग्रिम बकिंगको आवश्यक

【मिति】: २०२१/ ११/ ०६ (शनिबार) बिहान १० बजे देखि १२ बजे सम्म
【स्थान】खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोस्रो तल्ला, दान्खाचु खाचुदोउ रुम (समूहको कार्यक्रम कोठा)
【लक्षित व्यक्ति】उच्च माध्यमिक विद्यालय अथवा सोभन्दा माथिका विद्यार्थीहरु)
【लक्षित संख्या】२० जना सम्म (पहिला आवेदन दिनेलाई पहिलो प्राथमिकता)
【प्रशिक्षक】उकेन एकेडेमीको प्रधानाध्यापक **फान्ग जेन हुआ** (Fang Zhen Hua)
【बिषय】(१) रोजगार खोज्दाको आधारभूत ज्ञान (२) रोजगार खोज्ने तरिका (३)अन्तरवार्ताको अभ्यास
(४)रोजगार खोज्दा ध्यान पर्याउने पर्ने कुराहरु (५) रोजगार खोज्दाको प्रश्नोत्तर
【सम्पर्क/आवेदन】खावासाकी अन्तर्राष्ट्रिय संघ फोन अथवा ईमेल गर्नु होस् ।
【फोन नं】044-435-7000 【ईमेल】soudan39@kian.or.jp



नि:शुल्क अनुवाद

## विदेशसँग जोडिएका बालबालिकाहरुको लागि
## उच्च माध्यमिक विद्यालय भर्ना सम्बन्धि जानकारी कार्यक्रम

खानागावा प्रान्तको सरकारी उच्च माध्यमिक विद्यालयमा भर्ना हुन चाहिने आवश्यक जानकारीहरु र परामर्श दिईनेछ।



【मिति】२०२१/ ११/ २० (शनिबार) दिउँसो १ बजे देखि ४ बजे सम्म
【स्थान】खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल
【आवेदन दिने अन्तिम मिति】२०२१/ १०/ ३०(शनिबार) सम्ममा फोन अथवा केन्द्रमा आएर आवेदन दिनुहोस्।
【लक्षित व्यक्ति】माध्यमिक विद्यालयको विद्यार्थी र अभिभावक अथवा समर्थक
(जम्मा २० परिवार र एउटा परिवारबाट ३ जना सम्म)
【बिषय】परीक्षाको योग्यता तथा विद्यालय भर्ना सम्बन्धित अरु पनि विभिन्न कुराहरु
【सम्पर्क】खावासाकी अन्तर्राष्ट्रिय संघ 【फोन नं】044-435-7000
【आयोजक】बहुसांस्कृतिक गतिविधि सम्पर्क परिषद र खावासाकी अन्तर्राष्ट्रिय संघ

**★नि:शुल्क प्रवेश तर आवेदन दिनु पर्ने!**
**★प्रशासनिक अधिकृतको नि:शुल्क परामर्श पनि उपलब्ध छ।**

## विदेशी विद्यार्थीहरुसँगको अन्तरक्रिया (अनलाइन)



【मिति】२०२१/ १०/ १६(शनिबार), ३०(शनिबार) दिउँसो २ बजे देखि ४ बजे सम्म (नि:शुल्क)
【लक्षित संख्या】३० जना सम्म मात्र (HP
【आवेदन दिने अन्तिम मिति】२०२१/ १०/ १५ (शुक्रबार) सम्ममा होमपेज को आवेदन फारामबाट आवेदन दिनुहोला।
【बिषय】खावासाकीको विदेशी विद्यार्थीहरुले यस शहरको विभिन्न कुराहरुको परिचय दिने, आफ्नो देश तथा खावासाकीको सस्कृति अथवा चलचित्र आदि समूहमा विभाजन भइ गरेको छलफलको निस्कर्ष प्रस्तुत गर्ने
【सम्पर्क】खावासाकी अन्तर्राष्ट्रिय संघ 【फोन नं】044-435-7000 【ईमेल】soudan39@kian.or.jp

# खावासाकी शहरको विदेशी नागरिकहरुको प्रतिनिधिको बैठक
## १४ औं कार्यकालको प्रतिनिधिको आवेदन खुल्ला

**विदेशी नागरिकहरुको प्रतिनिधि भएर तपाइँको आवाज खावासाकी सहरमा पुर्याऔं !**

【योग्यता】 (१) जापानी नागरिकता नलिएको व्यक्ति (विदेशी)
(२) १८ वर्ष लागेको अथवा सो भन्दा बढि उमेरको व्यक्ति
(३) एक वर्ष भन्दा बढी खावासाकी शहरको बासिन्दाको नामावलीमा नाम दर्ता भएको व्यक्ति

【लक्षित संख्या】 बढिमा २६ जना सम्म

【कार्यकाल अवधि】 २०२२/ ४/ १ देखि २०२४/ ३/३१ सम्म (दुई वर्ष)



【आवेदन दिने तरिका】 २०२१/९/१ (बुधबार) देखि २०२१/ ११/ १६ (मंगलबार)
※१६ तारिखको हुलाकको छाप भएको आवेदन फाराम पनि स्वीकृत हुनेछ।
आवेदन फाराम बहुसांस्कृतिक पदोन्नति शाखामा हुलाक मार्फत पठाउनुहोस्। (आफै शाखामा गएर बुझाएपनि हुन्छ।)

पत्राचार ठेगाना: खावासाकी नागरिक संस्कृति ब्यूरो नागरिक जीवन विभाग बहुसांस्कृतिक पदोन्नति शाखा
खावासाकी फ़ुरोन्टियर बिल्डिंग ९ औं तल्ला, ११-२ एकिमाए होनच्योउ, खावासाकी वडा, खावासाकी २१०-०००७

【आवेदन फाराम】 प्रत्येक वडा कार्यालयहरु, नागरिक केन्द्रहरुको जानकारी कर्नर (सिमिन् खान्) आदि ठाउँहरु मा राखिएको हुन्छ। साथै नगरपालिकाको वेबसाइट बाट पनि डाउनलोड गर्न सक्नुहुन्छ।

【बिषय】 विदेशी नागरिकहरुले आफ्नो दैनिक जीवनमा महसुस गरेका कुराहरु तथा भोग्दै आइरहेका समस्याहरु आदिको बारेमा आफुहरुले नै विषयवस्तु छानि छलफल गर्ने गरिन्छ।निस्केको नतिजा मेयर सामु राखिन्छ। त्यसको आधारमा नीति निर्माण अथवा नीति परिवर्तनको प्रस्ताव गर्ने गर्दछ।
※छलफल जापानिज भाषामा गरिन्छ। कागजपत्रहरुको खान्जिको माथि हिरागाना लेखिएको हुन्छ।

【सम्पर्क】 खावासाकी नागरिक संस्कृति ब्यूरो नागरिक जीवन विभाग बहुसांस्कृतिक पदोन्नति शाखा
फोन नं. : 044-200-2846
खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, विदेशीहरुको लागि परामर्श सेवाको काउन्टर "वान स्टप सेन्टर"
फोन नं. : 044-455-8811

---

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि:शुल्क)

## जुलाई १ देखि ZOOM प्रयोग गरेर अनलाइन परामर्श शुरु भएको छ !

होमपेजबाट बूकिंग गर्नुहोस्।

＊परामर्शको समय: बिहान ९ बजे देखि ५ बजे सम्म (दिउँसो खाजा खाने समयमा पनि सेवा उपलब्ध छ)
＊ परामर्शको प्रत्यक्ष फोन नं.: 044-455-8811
सम्बन्धित भाषाको सल्लाहकार नभएको बारहरुमा पनि फोन मार्फत परामर्शको व्यवस्था छ।

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

**अनलाइन परामर्शको लागि आवेदन दिने पेज**

**खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेज**

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध हुने भएतापनि अन्य भाषाहरु को अनुवादको लागि बुकिंग गर्न सक्नुहुन्छ।)

मिति र समय : अक्टोबर १७ तारिख (आइतबार) र नोभेम्बर २१ तारिख (आइतबार) दिउँसो २ बजे देखि ४ बजे सम्म
स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा